# सिंजा गाउँपालिका राजपत्र

## सिंजा गाउँपालिकाद्वारा प्रकाशित

**महिला स्वास्थय स्वयंम सेविका (सेवा , सुविधा र छनौंट) सम्बन्धी कार्यविधि २०८०**

# सिंजा गाउँपालिका राजपत्र

तयारि मिति :२०८०/०३/०५

पारित मितिः २०८०/०३/२७

## सिंजा गाउँपालिकाद्वारा प्रकाशित

भाग १

**महिला स्वास्थय स्वयंम सेविका (सेवा, सुविधा र छनौंट) सम्बन्धी कार्यविधि २०८०**

**प्रस्तावनाः**

संविधात प्रदत्त स्वास्थ्य सम्बन्धी अधकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं. ६ मा स्वयंसेविकाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ । गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै सामुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिंजा गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८० रहनेछ ।

(ख) यो कार्यविधि सिंजा गाउँपालिका गाउँकार्यपालिकाको बैठकले पारित गरेपछि लागू हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) कार्यविध भन्नाले महिला स्वयंसेविका (सेवा, सुविधा र छनौट) सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(ख) छनैट भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र बिधि पुरा गरि छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(ग) बिदाई भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयं सेवीका भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ ।

(घ) स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्धारा छनौट भरिएका, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्याक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्धारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ । साथै यस शब्दल् आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### स्वयंसेविका छनौट तथा बिदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

३ . **स्वयंसेविका छनौटः** (१) स्वयंसेविका छनौट संघीय सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिकाको देहायको प्रावधान बमोजिम हुनेछः

(क) तोकीएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

(ख) कम्तिमा २० वर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने,

(ग) समाज सेवा गर्न ईच्छा भएको,

(घ) २५ बर्ष उमेर पूरा भई ४० बर्ष ननाघेको,

(ङ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको साथै कुनै पनि राजनैतीक दलको उम्मेदवार नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको र कुनै पनि विकास निर्माणको उपभोक्ता समितिमा नबसेको वा नरहेको,

(छ) कम्तिमा कक्षा ८ पास भएको सो भन्दा माथिकोलाई विशेष ग्राहेता दिईने छ ।

(ज) सामाजिक कुरीति अन्धविश्वाश धुम्रपान मध्येपान सेवन गर्ने र विक्रिवितरण गर्नेलाई सहभागिता गराईने छन ।

(झ) समाजिक उत्पिडित दलित जनजातीलाई विशेष ग्राहिता दिइनेछ ।

(ञ) छनौट गर्ने क्रममा विवाद भएमा वडा अध्यक्ष स्वास्थ्य आमा समूह अध्यक्ष स्वास्थय चौकी प्रमुख र स्वास्थ्य शाखा प्रमुखको निगरानीमा मापदण्डबनाई छनौट गरिनेछ ।

२. लोपोन्मुख, आदिवासी र दलित वर्गलाई प्राथमिकता दिईने ।

४. **स्वयंसेविकाको बिदाईः**

(१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछः

(क) राजीनामा दिएमा,

ख) ६० बर्ष उमेर पुरा भएमा,

ग) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्न इच्छा गरी बिदाई लिएमा,

घ) प्रत्येक १ (एक) बर्षमा आमा समूहबाट पूनः छनौट नभएमा,

ङ) राजनैतीक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ६० प्रतिशत भन्दा कम अवधि बसोवास गरेको अवस्था रहेमा ।

छ) लामो समयसम्म विरामी वा दिर्घरोगी भई समुदायमा सेवा दिन नसक्ने भएमा ।

**५. स्वयंसेविकाको सेवा रद्ध गरिनेः**

(१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्ध गरिनेछः

क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

ख) भ्रष्टाचा, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूचना ४ (चार) महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ ।

## परिच्छेद ३
## सेवा सुविधा सम्बन्धी व्यवस्था

**६. सेवा तथा सुविधाः**

(१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुबिधा दाबी गर्न पाउने छैन । सकभर सेवा सुबिधा बैंक मार्फत उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक संञ्चालन, मासिक बैंठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्पेरणाको लागि अनुसूची-१ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ । नेपाल सरकारबाट निश्चित स्वयंसेविकालाई पोशाक खर्च उपलब्ध गराउने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ५ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन ।

## परिच्छेद ४
## विविध

**७. अन्य छुट विषय सम्बन्धीः** यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा सिंजा गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ ।

**८. संशोधन तथा खारेजीः** सिंजा गाउँपालिका गाउँकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ ।

## अनुसूची-१
### दफा ६ (२) संग सम्बन्धित
### स्वयंसेविकाले पाउने सुविधा

| सि.नं. | क्रियाकलाप | पटक १ | कैफियत |
|---|---|---|---|
| १ | स्वयंसेवा सम्मान बिदाई खर्च | संघीय सरकारले तोकेबमोजिम हुनेछ | |
| २ | मासिक बैठक एवं खोप कार्यक्रम लगायतको लागि यातायात खर्च | संघीय सरकारले तोकेबमोजिम हुनेछ | |
| ३ | बार्षिक चाड पर्व खर्च | संघीय सरकारले तोकेबमोजिम हुनेछ | |
| ४ | कार्यरत महिला स्वास्थ्य स्वयंसेविका बिमा सहायता | संघीय सरकारले तोकेबमोजिम हुनेछ | |